नेपाल सरकार
सामान्य प्रशासन मन्त्रालय

# निजामती किताबखाना

## ( सम्पत्ति विवरण व्यवस्थापन शाखा )

पत्र संख्याः स.वि.व्य.शा.०७४।७५
चलानी नं.

मितिः २०७५।०२।२३

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ ।

विषयः सम्पत्ति विवरण दर्ता सम्बन्धमा ।

उपर्युक्त विषयका सम्बन्धमा आ.ब. समाप्त भएको मितिले ६० दिनभित्र सार्वजनिक पद धारण गरेका सम्पूर्ण कर्मचारीहरुले सम्पत्ति विवरण बुझाउनुपर्ने विद्यमान ऐन, नियममा व्यवस्था भएको व्यहोरा विदितै छ । आ. ब. ०७४।७५ को सम्पत्ति विवरण दर्ता कार्य यही २०७५ साल साउन १ गते देखि ऐ भदौ २९ सम्म यस विभागमा दर्ता गरिसक्नु पर्ने व्यहोरा स्मरणार्थ अनुरोध छ । निजामती किताबखानाबाट आ.ब.२०७३।७४ को राष्ट्रसेवक कर्मचारीहरुको सम्पत्ति विवरण दर्ता गर्ने क्रममा कतिपय कर्मचारीहरुले खाम बाहिर अनिवार्यरुपमा खुलाउनुपर्ने कर्मचारी संकेत नं., नाम, पद, दर्जा, सेवा/समुह, श्रेणी/तह, कार्यरत कार्यालय, आर्थिक वर्ष जस्ता व्यहोराहरु नलेख्ने तथा अधुरो रुपमा लेख्ने गरेको पाइयो । यसैगरी कर्मचारी संकेत नं. उल्लेख गर्दा कर्मचारी संकेत नं. (सिटरोल दर्ता नं.)को सट्टामा कर्मचारी संचयकोष एवं नागरिक लगानी कोषको परिचय पत्र नं. वा अन्य असान्दर्भिक कुरा लेखी पठाँउदा सम्पत्ति विवरण पठाउने व्यक्तिको सही पहिचान हुन नसकी दर्ता गर्ने कार्यमा बाधा पर्न जाने र त्यसको सजायको भागी अन्ततः सम्बन्धित कर्मचारी नै हुन जाने अवस्था सिर्जना हुन गएको छ । यस किसिमको समस्या मुख्यतः नयाँ र पुराना श्रेणी विहिन कर्मचारीहरु (सवारी चालक, कार्यालय सहयोगी) तथा नेपाल स्वास्थ्य सेवा र नेपाल वन सेवाका सहायक स्तरका कर्मचारीहरुमा बढी देखिएको छ ।

सम्पत्ति विवरण समयमा पठाउँदा पठाउँदै पनि खाम बाहिर आफ्नो विवरण स्पष्ट नलेखिदिंदा कर्मचारीहरुको सम्पत्ति विवरण दर्ता नहुने एवं सम्बन्धित कर्मचारी दण्ड सजायको भागी समेत हुन पर्ने अवस्था श्रृजना हुन सक्ने भएकोले आ.ब.२०७४।७५ को सम्पत्ति विवरण भरी पठाउनु अघि निजामती किताबखानाले सम्पत्ति विवरण भर्ने विषयमा प्रकाशन गरेको सार्वजनिक सूचना एवं विभागको Website: www.pis.gov.np मा प्रकाशन भएको सूचना राम्ररी अध्ययन गरी आफ्नो सम्पत्ति विवरण समयमै निर्धारित ढाँचामा भरी तपसिल बमोजिमको विवरण खाम बाहिर लेखी खामबन्द गरी २०७५ साल भदौ २९ गतेसम्म कार्यालय समयभित्र यस किताबखानामा अनिवार्य रुपमा दाखिला हुने गरी पठाउने व्यवस्थाको लागि आफू मातहतका सबै निकायमा परिपत्र गरिदिनुहुनका साथै विभिन्न गोष्ठी, सेमिनार, तालिम, कर्मचारी बैठक जस्ता कार्यक्रममा समेत यस सम्बन्धी जानकारी प्रवाह गरी सम्पत्ति विवरण दर्ता गर्न पठाउने सबै कर्मचारीको सम्पत्ति विवरण समयमा नै दर्ता भई मातहतका कर्मचारी दण्ड सजायको भागिदार हुन नपर्ने अवस्था श्रृजना गर्न आवश्यक सहयोग हुन अनुरोध गर्दछु ।

तपसिल

| आ.ब. २०७४।७५ को सम्पति विवरण | |
|---|---|
| ङ. कर्मचारीको संकेत नं.: | ङ. श्रेणी/तहः |
| च. नाम, थरः | च. कार्यरत कार्यालयः |
| छ. पद/दर्जाः | छ. मोबाइल नं.: |
| ज. सेवा/समहः | ज. ई-मेल ठेगानाः |

(किशोर जङ्ग कार्की)
महानिर्देशक